




गेरूवा गाउँपालिका अध्यक्ष श्री जमान सिं. के.सी. द्वारा गेरूवा गाउँपालिकाको

२० औ गाउँसभा अधिवेशनमा प्रस्तुत गरिएको

# नीति तथा कार्यक्रम

## आर्थिक बर्ष २०८३/०८४

### गेरुवा गाउँपालिका,

### पशुपतिनगर, बर्दिया

### लुम्बिनी प्रदेश, नेपाल

यस गाउँसभाका प्रमुख अतिथि ज्यू,
गाउँपालिका उपाध्यक्ष ज्यू,
गाउँसभाका सचिव ज्यू,
गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरू,
सम्पूर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,
विभिन्न संजालका प्रमुख तथा प्रतिनिधिहरु ज्यूहरु,
राष्ट्रसेवक कर्मचारीहरू, विभिन्न संघ-सस्थाका प्रमुख तथा प्रतिनिधिहरु, संचारकर्मी, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना पश्चात दोस्रो कार्यकालको चौथो बर्षको २०औं यस गरिमामय गाउँसभा अधिवेशन समक्ष आर्थिक बर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव महशुस भएको छ। यस गाउँसभा अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहान्छु ।

- वर्तमान सरकार देशमा समाजवाद उन्मुख आर्थिक-सामाजिक रुपान्तरणका लागी राजनीतिक स्थायित्व, सुशासन समृद्धि, दिगो विकास र सामाजिक न्यायसहित **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न प्रतिबद्ध रहेको सन्दर्भमा मेरो नेतृत्वमा रहेको यस गाउँपालिकाको स्थानीय सरकार **"समृद्ध र समुन्नत गेरुवा, सुखी गेरुवा बासी"** बनाउन प्रतिवद्ध रहेको छ।
- जनताको सुख र समुन्नतिका लागी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै जनतामा राज्यप्रति आशा र भरोसा जगाउने गरी यस स्थानीय सरकारले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।
- संघीयताको सवलिकरण, अर्थतन्त्रको सुधार र पूर्नस्थापना, उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सिर्जना, सार्वजनिक सेवा प्रवाहमा नतिजामुखी सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु यस सरकारका मुख्य प्राथमिकता रहेका छन्।
- सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई परिमाणमुखी बनाई सेवा प्रवाहलाई सारभूत रुपमा आमजनताले अनुभूति गर्न सक्ने गरी सुधार गर्न गेरुवा गाउँपालिका स्पष्ट कार्ययोजनाका साथ अघि बढेको छ।
- गाउँपालिकालाई प्राप्त हुने संघीय सरकार, प्रदेश सरकार र आन्तरिक आय समेतको प्रक्षेपण गरी हुन आउने निश्चित श्रोत र साधनको न्यायोचित वितरण, समावेशी र सहभागितामूलक श्रोत परिचालन गरी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम ल्याइएको छ। यो नीति तथा कार्यक्रम **"समृद्ध गेरुवा सुखी गेरुवाबासी"** बनाउन मार्ग दर्शनको आधार हुने विश्वास लिएको छु।
- संविधान प्रदत्त मौलिकहकः सुरक्षित आवास, आधारभूत शिक्षा, स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, कृषि, पशु जस्ता महत्वपूर्ण नागरिकका दैनिक जीवन र मानव स्वास्थ्यसँग गाँसिएका हकहरु प्रत्याभूत हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक समावेशीता सहित विकासको मूल प्रभाहीकरणका लागी महिला, बालवालिका, ज्येष्ठ नागरिक अपाङ्ग, दलित, आदिवासी, जनजाती, थारु, सोनाहा, अल्पसंख्यक, लोपोन्मुख, मधेशी, मुस्लिम, पिछडावर्ग,

यौनिक अल्पसंख्यक, युवा, द्वन्द्वपिडित, मुक्त कमैया, कमलरी, सिमान्तकृत, शहिद तथा वेपत्ता परिवारका सदस्यका लागी सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी गाउँपालिका स्तरीय विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

- ❖ गाउँपालिकाको विभिन्न क्षेत्र र कार्यक्रममा निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संघ-संस्थाहरुसँग गाउँपालिकाको रणनैतिक विकास र समृद्दिका लागी सहकार्य र साझेदारी गर्ने नीति लिइनेछ।

**सभाका सदस्य ज्युहरु,**

अब म यस गेरुवा गाउँपालिकाले आगामी आर्थिक बर्ष २०८३/०८४ मा अवलम्वन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**<u>स्वास्थ्य तर्फ</u> :**

गुणस्तरिय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा टेवा पुऱ्याई स्वस्थ जिवनको सुनिश्चितता गर्न, दिगो विकासको लक्ष्य प्राप्ति गर्न, स्वास्थ्य सेवा पाउनु जनताको अधिकार हो भन्ने विश्वव्यापि मान्यतालाई स्थापित गर्न स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूलाई अगाडी बढाईने छ ।

- ❖ गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउदै स्वास्थ्य शिक्षामा जोड दिइनेछ ।
- ❖ बिशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गर्नका लागी स्वास्थ्य बिमामा जनचेतना अभिबृद्धि गर्ने कार्यमा जोड दिइनेछ
- ❖ निर्माणाधिन १० सैयाको आधारभूत अस्पतालको निर्माण तथा व्यवस्थापनमा जोड दिईने छ।
- ❖ नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या न्यूनिकरण सम्बन्धि कार्यक्रम सन्चालनमा जोड दिइनेछ ।
- ❖ बहुक्षेत्रिय पोषण, पोषणमैत्री स्वास्थ्य संस्था घोषणा तथा पोषणमैत्री स्थानीय शासन सन्चालन कार्यमा जोड दिइनेछ ।
- ❖ प्रतिकारात्मक, प्रवर्द्धनात्मक र सामान्य उपचारात्मक स्वास्थ्य सेवा लाई अझै सुदृढ गर्ने कार्यमा जोड दिइनेछ ।
- ❖ सिकलसेल एनेमिया रोकथाम सम्बन्धि गतिबिधी तथा कार्यक्रम सन्चालन गरिनेछ ।
- ❖ स्वास्थ्य सेवालाई अटुट रुपमा प्रवाह गर्न स्वास्थ्य उपकरणहरुको ब्यबस्थापन तथा मर्मत संभारको ब्यवस्था गरिने छ ।
- ❖ स्वास्थ्य संस्थाबाट बितरण हुने औषधीहरुको आपूर्तिलाई सुनिश्चित गरिने छ ।
- ❖ संक्रामक रोगको नियन्त्रण महामारी रोकथाम र नियन्त्रणमा जोड दिईनेछ ।
- ❖ विद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षाका साथै स्वास्थ्य सम्बन्धी कार्यक्रममा सहयोग गरिने छ ।
- ❖ पूर्णखोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत पोषण खर्चको ब्यबस्थालाई निरन्तरता दिइनेछ ।
- ❖ समुदाय (फिल्डमा) गई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई यातायात खर्च र आवश्यक सामग्रीको ब्यबस्थालाई निरन्तरता दिईनेछ ।
- ❖ मातृ तथा बालस्वास्थ्य कार्यक्रममा टेवा पुऱ्याउने महिला स्वास्थ्य स्वयं सेबिकाहरूको यातायात खर्चमा निरन्तरता दिइनेछ ।

- ❖ महामारीको निगरानी, प्रारम्भिक पहिचान, दुर्त प्रतिकार्य, विश्लेषण तथा व्यवस्थापन गर्न SORMAS सफ्टवेयर लागु गरिनेछ ।
- ❖ गाउँपालिका अन्तर्गतका बर्थिङ सेन्टरमा गुणस्तरीय सेवा प्रवाहका साथै एम्बुलेन्स सेवाको निरन्तरता मा जोड दिइनेछ।
- ❖ शववाहन र शव संरक्षण फ्रिजर बक्सको प्रवन्ध मिलाउन जोड दिईनेछ ।

<u>**आयुर्वेद सेवाः**</u>

- ❖ आयुर्वेद सेवालाई सबै नागरिकहरुको सहज पहुँच सम्म पुऱ्याउने कार्यमा जोड दिदै सेवालाई गुणस्तरिय पहुँच योग्य र थप प्रभावकारी बनाईनेछ ।
- ❖ विद्यालय तथा समुदायहरुमा स्वस्थ जीवनशैली, योग, ध्यान र नागरिक आरोग्य सचेतिकरणका कार्यक्रमहरु संचालन गरिनेछ।
- ❖ पुर्वकर्म, पंचकर्म (थेरापी) सेवालाई निरन्तरता दिदै सेवा प्रवाह थप व्यवस्थित र गुणस्तरीय बनाईनेछ।
- ❖ स्थानीय स्तरमा पाइने जडिबुटीहरुको पहिचान, रोपण र उपयोगलाई प्रोत्साहन गरी परम्परागत ज्ञानको संरक्षण तथा प्रवर्धनमा जोड दिईनेछ।
- ❖ आयुर्वेद औषधालयबाट टाढा रहेका नागरिकहरुलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले गाउँघर क्लिनिक मार्फत घरदैलोमै आयुर्वेद स्वास्थ्य सेवामा पहुँच वृद्धि गरिनेछ।
- ❖ आयुर्वेद सेवा प्रवाहलाई व्यवस्थित गर्न तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन प्रणालीलाई सुदृढ बनाईनेछ।

<u>**बहुक्षेत्रिय पोषण कार्यक्रमः**</u>

- ❖ बहुक्षेत्रिय पोषण योजना तेस्रो तथा पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्दै गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन शिक्षा, स्वास्थ्य कृषि खानेपानी तथा सरसफाई महिला तथा सामाजिक बिकास क्षेत्र बिच समन्वय र सहकार्यमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ पोषणमैत्री स्थानीय शासन लागु गर्न संघ सरकार, प्रदेश सरकार र विकास साझेदारहरुसँग समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने सुनिश्चितता गरिनेछ।
- ❖ पोषण सम्बन्धी कार्यक्रमका लागि आबश्यक बजेट सुनिश्चित गरी पोषणयुक्त स्वस्थ र समृद्ध पालिका निर्माणमा जोड दिईनेछ।
- ❖ पोषण प्रबर्द्धन गर्नका लागि स्थानीय स्तरमा पाईने खाद्य सामाग्रीको संरक्षण, प्रबर्द्धन, उत्पादन र उपभोगमा जोड दिईनेछ।

<u>**शिक्षाः**</u>

- ❖ माध्यमिक तह कक्षा १२ सम्मको निशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै थप ब्यवस्थित बनाउदै लगिनेछ।

- ❖ सूचना प्रविधि मैत्री सिकाइ, ई-लर्निङ, र डिजिटल सामग्रीमा आधारित शिक्षण सिकाइ प्रणालीको अवलम्बन गरिनेछ। सो कार्यका लागि विद्यालयमा ICT ल्याव, सामग्री र उपकरणको वितरण तथा ब्यवस्थापनका कार्यक्रमहरुलाई क्रमशः विस्तार गरिनेछ।
- ❖ शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयमा शिक्षक दरवन्दी मिलान, विद्यालय नक्साङ्कन र समायोजनको कार्यलाई अगाडी बढाइनेछ।
- ❖ गाउँपालिकाको **'एक मावि एक स्टाफ नर्स'** कार्यक्रमलाई निरन्तरता दिदै स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि विद्यालयमा आवश्यक पर्ने स्वास्थ्य सामाग्री, फर्निचर, औषधी लगायतका उपकरणको ब्यवस्थापन गरिनेछ ।
- ❖ गाउँपालिकाले सञ्चालन गर्दै आइरहेको शिक्षा सरोकारवालाहरुलाई उत्प्रेरणा शिक्षा र शैक्षिक अन्तर्किया कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिकाबाट सम्पुर्ण शिक्षा सरोकारवालाहरुको सहयोग, समन्वय र सहकार्यमा विद्यालय उमेर समुहका सम्पुर्ण बालबालिकाहरूलाई विद्यालयमा ल्याउने, कक्षा छाड्ने दरमा न्युनीकरण र टिकाउ सम्बन्धी कार्यक्रम सञ्चालनमा प्राथमिकता दिइनेछ।
- ❖ आपतकालिन अवस्थाको शिक्षा र विपद् मा आइपरेको समस्याहरूलाई सम्बोधन गर्नेगरी रणनैतिक कार्ययोजना बनाएर शैक्षिक गतिबिधिहरू सञ्चालन गरिनेछ।
- ❖ विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेशागत र प्रविधिजन्य क्षमता विकास तालिम, कार्यशाला र गोष्ठि लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिदै विद्यार्थीको सिकाइ उपलब्धी सुधार एवम नतिजा विश्लेषण कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ शिशु स्याहार केन्द्रलाई थप ब्यवस्थित बनाउदै शिशु स्याहार सहजकर्ताहरूलाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिका उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थी प्रोत्साहन एवम् सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिकाले सामुदायिक विद्यालयमा सञ्चालन गर्दै आएको **"पढ्दै कमाउदै"** कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिदै अन्य विद्यालयमा क्रमशः विस्तार गरिनेछ।
- ❖ आधारभुत तहको कक्षा ५ र कक्षा ८ मा सञ्चालन हुदै आएको गाउँपालिका स्तरीय परिक्षालाई निरन्तरता दिदै थप ब्यवस्थित बनाइनेछ ।
- ❖ सिकाई स्तर कमजोर भएका विद्यार्थीहरुलाइ सुधारात्मक सिकाइ प्रवर्धन एवम उपचारात्मक कक्षा सञ्चालनका लागि सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई थप अनुदानको व्यवस्था मिलाइनेछ।
- ❖ विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न र शैक्षणिक क्रियाकलापहरुमा एकरुपता कायम गर्न शिक्षक तथा विद्यार्थीहरुलाई शैक्षिक डायरी छपाइ र वितरण गर्ने नीति लिइनेछ।

- ❖ आर्थिक रुपले विपन्न, अनाथ, असहाय, अभिभावक विहिन, दलित, जनजाति, लोपन्मुख समुदाय, सिमान्तकृत, अपाङ्गता भएका र पिछडिएका क्षेत्रका सम्पुर्ण बालबालिकाहरुलाई गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चितता गरिनेछ।
- ❖ अपाङ्गता भएका बालबालिकाहरुलाई शैक्षिक तथा सन्दर्भ सामग्री सहयोग गर्दै आन्तरिक क्षमता प्रस्फुटन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न पहल गरिनेछ।
- ❖ आगामी आ.ब.२०८३/८४ देखि "**शिक्षक बैंक**" स्थापना गरी विद्यालयमा समयमै शिक्षक पदपुर्ति गर्ने ब्यवस्था मिलाइनेछ।
- ❖ विद्यालयस्तर तथा समुदायस्तरमा किशोरकिशोरी, युवा र लक्षित वर्गका बालवालिकाहरुलाइ बालबिवाह तथा लागुपदार्थ दुर्ब्यसनी न्यूनीकरण, यौन तथा प्रजनन स्वास्थ्य र साइबर अपराध सम्बन्धी सचेतनामुलक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।
- ❖ विद्यालयहरुको वातारणलाई स्वच्छ, सफा र हरियाली बनाउन फुलबारी/गार्डेन निर्माण जस्ता **"हरित विद्यालय कार्यक्रम"** कार्यान्वयनलाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिकाको सम्पूर्ण विद्यालयहरुमा प्रत्येक हप्ताको शुक्रबार व्यवहारिक तथा जीवन उपयोगी सिपमुलक कार्यक्रमको सुरुवात गरिनेछ।
- ❖ माध्यमिक तहका विद्यार्थीहरुलाइ जीवनउपयोगी सिप एवम वृत्ति विकास सम्बन्धी करियर काउन्सिलिङ कार्यक्रमको प्रवन्ध मिलाइनेछ।
- ❖ अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै पढाइ कुना निर्माण र ब्यवस्थापनमा अभिभावकलाई सचेत एवम् जिम्मेवार बनाइनेछ।
- ❖ लक्षित वर्गका विद्यार्थी, शिक्षक अभिभावक र शिक्षा सरोकारवालाहरुलाई समेटी मानसिक स्वास्थ्य सम्बन्धी साइकोसोसल काउन्सिलिङको प्रवन्ध मिलाइनेछ।
- ❖ शैक्षिक अवलोकन भ्रमण र सिकाइ अनुभव आदान प्रदान कार्यक्रमलाई जोड दिइनेछ।
- ❖ विद्यालयको दिवा खाजा कार्यक्रमलाई स्थानीयस्तरका उत्पादनसँग जोड्दै गुणस्तरीय, स्वस्थ र पोषणयुक्त खाजाको प्रबन्ध मिलाइनेछ।
- ❖ साक्षरता निरन्तर शिक्षा तथा आजिवन सिकाइ कार्यक्रमलाइ निरन्तरता दिदै साक्षरतालाई जीवनपयोगी सिप र आय-आर्जनसँग आवद्ध गरिनेछ।
- ❖ बसाई ब्यवस्थापनको अभाव भएका सामुदायिक विद्यालयमा फर्निचर र कार्पेटको ब्यवस्था गरिनेछ।
- ❖ विद्यालयमा रहेका अधुरा भौतिक संरचनाहरुको निर्माण एवम् मर्मत संभार कार्यलाई प्राथमिकता दिइनेछ।
- ❖ **'हाम्रो गेरूवा'** स्थानीय बिषयको पाठ्यक्रमलाई समयानुकुल परिमार्जन एवम अद्यावधिक गर्ने नीति अवलम्बन गरिनेछ।
- ❖ पशुपति माध्यमिक विद्यालयको स्रोतकेन्द्र हलको लागि आवश्यक सामाग्रीको ब्यवस्थापन गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

- ❖ गाउँपालिकाको कुनै एक सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ आर्थिक रुपले विपन्न, अनाथ, असहाय, अभिभावक विहिन, अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षामा सर्वसुलभ पहुँच पुर्‍याउन विशेष शिक्षा र आवासीय विद्यालयको स्थापनाका लागि पहल गरिनेछ।

**<u>युवा तथा खेलकुद</u>**

- ❖ खेलकुदलाई राष्ट्रिय एकता, स्वास्थ्य, पर्यटन र पुर्वाधार विकाससँग जोड्दै विद्यालय तह देखि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ गाउँपालिकाले सञ्चालन गर्दै आइरहेको पालिकास्तरिय राष्ट्रपति रनिङशिल्ड तथा अध्यक्षकप खेलकुद लगायतका अन्य खेलकुदका गतिविधिहरूलाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिकालाई खेलकुद क्षेत्रको हवको रूपमा विकास गर्ने उद्देश्यले खेलकुद क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्नमा आवश्यक सहयोग र सहकार्य गरिनेछ।
- ❖ प्रत्येक विद्यालयहरुमा कम्तिमा एक जना शिक्षकलाई खेलकुद प्रशिक्षण दिइनेछ।
- ❖ खेल क्षेत्रको विकास, निजी क्षेत्रको सहभागिता र खेलाडीको सामाजिक सुरक्षाको प्रवन्ध मिलाउने नीतिगत प्रवन्ध मिलाइनेछ।
- ❖ गाउँपालिकाका राष्ट्रिय एवम अन्तराष्ट्रिय स्तरमा प्रख्यात खेलाडीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ।
- ❖ गाउँपालिका स्तरीय तथा वडा स्तरीय खेलमैदान निर्माण र मर्मत संभार कार्य लाइ निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिकाबाट छनौट गरिएका प्रतिभावान युवाहरूलाई खेलकुदको क्षेत्रमा थप अगाडि बढ्न आवश्यक सहयोग एवम प्रोत्साहन गरिनेछ।
- ❖ विद्यालय, क्लव तथा खेलकुद संस्थाहरुलाइ आवश्यक खेलकुद सामग्री उपलब्ध गराइनेछ।
- ❖ प्रत्येक वडामा फुटवल, भलिबल र कवड्डीका खेलमैदान तथा खुला ब्यायमशाला निर्माणका लागि पहल गरिनेछ।
- ❖ विद्यालय तह देखि नै खेल प्रतिभा प्रस्फुटनको लागि खेलमैत्री वातावरण निर्माणमा जोड दिई स्वस्थ र अनुशासित खेलाडी तयारीमा जोड दिइनेछ।
- ❖ खेलकुद कार्यक्रममा महिलाको सहभागिता सुनिश्चित गरिनेछ।

**<u>खानेपानी, सरसफाई तथा स्वच्छताः</u>**

- ❖ संघ, प्रदेश र गेरूवा गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐन र कार्यविधिलाई कार्यान्वयनमा निरन्तरता दिइनेछ।
- ❖ खानेपानी सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) लाई NWASH MIS प्रणालीमा अध्यावधिक गर्दै तथ्याङ्क संकलन र विश्लेषण कार्यलाइ थप व्यवस्थित बनाइनेछ ।

- ❖ गाउँपालिकाको वास योजनालाई विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सहकार्यमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ गाउँपालिकाका सम्पूर्ण वडाहरुमा सुरक्षित खानेपानीको व्यवस्थापन गर्न संघ, प्रदेश सरकार र संघसंस्थाहरु संग समन्वय गरिनेछ ।
- ❖ समुदाय तथा विद्यालयहरुमा पूर्ण सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ पानीको गुणस्तर जाँच गर्न राष्ट्रिय गुणस्तर मापदण्ड अनुसार संघ र प्रदेश सरकारको सहकार्यमा न्यूनतम परिमितीहरुको जाँच गरिनेछ ।
- ❖ समुदाय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा प्रयोग भइरहेको पानीको शुद्धिकरणमा जोड दिदै पानीको गुणस्तरका सम्बन्धमा समुदायलाई सचेतिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ खानेपानी तथा सरसफाइ संरचनाहरुको दिगोपना र नियमित संचालन गर्न गाउँपालिका तथा वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरूमा मर्मत संभार औजार वितरण सहित तालिम कार्यक्रम सञ्चालन गरिनेछ
- ❖ समुदाय, स्वास्थ्य संस्था, विद्यालय र सार्वजनिक स्थानमा फोहोरमैला व्यवस्थापन संरचना निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ प्रत्येक वडाको आधारभुत विद्यालयमा महिनावारी आराम कक्षको ब्यवस्था गरिनेछ।
- ❖ विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता प्रर्वद्धन सम्बन्धी क्रियाकलापहरुलाई निरन्तरता दिदै त्यस्को दिगोपनाको सुनिश्चितता कायम गरिनेछ।
- ❖ गाउँपालिकाका प्रत्येक विद्यालयमा शुद्ध एवम स्वच्छ खानेपानीको व्यवस्था मिलाइनेछ।

**<u>पंञ्जिकरण तथा सामाजिक सुरक्षाः</u>**

- ❖ सामाजिक सुरक्षा भत्ता सि.गा.स. (CGAS ) मार्फत हरेक लाभग्राहीको बैंक खातामा भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको राष्ट्रिय परिचय नम्बर लागु गरिनेछ।
- ❖ सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित बनाउनका लागि वायोमेट्रिक डिभाइसको माध्यमबाट लाभग्राहीहरूको दर्ता, पहिचान तथा नवीकरणमा डिभाइस द्वारा संचालनमा ल्याइनेछ ।
- ❖ व्यक्तिगत घटना दर्ता प्रति नागरिकहरु लाइ जागरुक बनाउन व्यक्तिगत घटना दर्ता सप्ताह तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>लैंगिक समानता तथा सामाजिक समावेशीकरणः</u>**

- ❖ छोरीहरुको पोषण तथा स्वास्थ्यमा सुधार गर्न गाउँपालिकाले संचालन गर्दै आएको छोरी बचाउ कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- ❖ आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, मुक्तकमैया, कमलरी, सुकुम्बासी, द्वन्द्वपीडित, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत, पिछडा वर्ग र जोखिममा रहेका समुदायको सशक्तिकरणका लागि गाउँपालिका र संघसंस्थाको साझेदारीमा समुदायलाई रोजगारीको अवसर सिर्जना हुने खालका सीप विकास तथा स्वरोजगारमुलक कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- ❖ दिगो विकासका लक्ष्य पुरा गर्नका लागि लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ❖ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मूलन सम्बन्धी अन्तराष्ट्रिय महासन्धी र घोषणापत्रले समेटेका क्षेत्रहरूको विषयमा सरोकारवालाहरूलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ राजनीतिक, आर्थिक एवं सार्वजनिक निकायका सबै तहहरूमा नेतृत्व गर्नका लागि महिलाहरुको अर्थपूर्ण तथा प्रभावशाली सहभागिता र समान अवसर प्रदान गर्ने किसिमका कार्यक्रम संचालन गरिनेछ
- ❖ संरक्षकको आवश्यकता भएका बालबालिकाहरूलाई विभिन्न किसिमका सहयोगी सामाग्री वितरण गर्ने व्यवस्था मिलाईनेछ। अनाथ तथा असहाय अवस्थामा रहेका बालबालिकाहरुको संरक्षणात्मक कार्यलाई थप व्यवस्थित गरिनेछ ।
- ❖ साझेदार संघ संस्थासँगको समन्वयमा बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ । गैर-सरकारी संघ संस्थाहरूलाई गाउँपालिकाको प्राथमिकताका क्षेत्रमा समन्वय तथा सहकार्य गरिनेछ ।
- ❖ ज्येष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धि र ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरणका लागि सरोकारवालाहरू सँग समन्वय र सहकार्य गरिनेछ।
- ❖ शहिद वेपत्ता र द्वन्द्व पीडित परिवारहरु र विभिन्न किसिमका हिंसाको जोखिम एवं दिर्घकालिन रोगबाट ग्रसित भएका नागरिकहरूलाई आयआर्जन तथा उत्पादनमुलक क्रियाकलापसँग आवद्ध गराइनेछ।
- ❖ अपाङ्गताको क्षेत्रमा सम्बद्ध संघसंस्था र सरोकारवालाहरु सँगको सहकार्य र साझेदारीमा अपाङ्गता भएका बालबालिकाको पहिचान, उपचार तथा पुनर्स्थापनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ महिला उद्यमशीलता मार्फत स्वरोजगारी बढाउने, पुरुष सरह महिला लाई समान ज्याला उपलब्ध गराउने, कार्यस्थलमा हुने लैङ्गिक हिंसा, घरेलु हिंसा तथा सामाजिक भेदभाव र विभेद हटाउने कार्यक्रमहरुमा विभिन्न संयन्त्रहरुलाई परिचालन गरिनेछ ।
- ❖ जनप्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरुलाई लैङ्गिक समानता,महिला सशक्तिकरण, लैंङ्गिक हिंसा निवारण र बाल अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ समाजमा विद्यमान जातीय छुवाछुत तथा समामाजिक विभेद् र उत्पीडनको व्यवहारिक अन्त्यको लागि आवश्यक रणनिती र अभियानहरु संचालन गरिनेछ ।

- महिला हिंसा न्यूनिकरण एवं सशक्तिकरण यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको हितका लागि प्रवर्द्धनात्मक तथा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ। विकासको मूलप्रवाहमा आउन नसकेका आदिवासी, जनजाति, दलित, मुक्तकमैया/मुक्तकमलरी, एच.आइ.भि.पिडीत, द्वन्द्वपिडित, पिछडा वर्ग, सिमान्तकृत तथा पछाडी परेको वर्ग समुदायलाई विकासको मूल प्रवाहमा ल्याइनेछ ।
- लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा बमोजिम सबै महिला र बालिकाहरुको सशक्तिकरणका लागि योजना बनाई लागु गरिनेछ। यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको पहिचान गरी उनीहरुको क्षमता विकास तथा सशक्तिकरण गरिनेछ ।
- मानव ओसारपसार तथा यौन शोषण लगायत सार्वजनिक तथा निजी क्षेत्र र सवै कार्यस्थलमा हुने सवै प्रकारका हिंसाको उन्मुलन गर्न सम्बद्ध सबै पक्ष सचेत रही यस्ता घटना घट्न नदिन प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका कार्यालय र मातहतका वडा, स्वास्थ्य संस्था र विद्यालयमा महिनावारी स्वच्छता लागि आवश्यक पर्ने सामाग्रीहरु व्यवस्थापनका गराइनेछ ।
- आमा समूह, विभिन्न क्लव, संजाल लगायतका सामुदायिक संस्थाहरुसँग सामाजिक रुपान्तरणका क्रियाकलाप संचालनमा समन्वय सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ। अपाङ्गता भएका व्यक्ति तथा एकल महिलाहरुको राष्ट्रिय परिचयपत्रको आधारमा त्यस्ता व्यक्तिले संचालन गरेको उद्योग व्यवसायहरुमा लाग्ने करमा शतप्रतिशत छुट दिने निती अवलम्बन गरिनेछ ।
- लागुपदार्थ दुर्व्यसन विरुद्ध विद्यालय स्तर देखि नै चेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ । यस्तो दुर्व्यसनमा फसेका व्यक्तिहरुलाई सुधार केन्द्र तथा मनोचिकित्सा विधि मार्फत पुर्नस्थापना गर्न विशेष पहल गरिनेछ ।
- समाजमा परम्परागत रूपमा रहेका विभिन्न किसिमका कुप्रथा लगायत बाल विवाह, बालश्रम/ छाउपडी जस्ता प्रथा न्यूनिकरण गर्नका लागि किशोर किशोरीहरू तथा बालबालिकाहरूका लागि विभिन्न किसिमका नेतृत्व तथा क्षमता विकास गर्ने सम्बन्धी तालिम, गोष्ठि लगायत जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- विभिन्न किसिमका लैंङ्गिक हिंसा, घरेलु हिंसा, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याहरू न्यूनीकरण गर्ने, कानुनका संरचनाहरू र संयन्त्रहरू लैंङ्गिक समानताको दृष्टिले भेदभावमुक्त बनाउनुका साथै लैंङ्गिक समानता कायम गर्ने खालका कार्यक्रमहरू संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिमा महिलाहरुको शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं.१३२५ र १८२० लाई समावेश गर्ने कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

**<u>भौतिक पूर्वाधार विकासः</u>**

- गाउँपालिकाबाट हाल संचालनमा रहेका क्रमागत तथा बहुबर्षीय योजना र कार्यक्रमहरुलाई निरन्तरता दिदै समयमै सम्पन्न गराईनेछ ।
- पूर्वाधार निर्माण गर्दा उत्पादन तथा उत्पादकत्व वृद्धि हुने, रोजगारी श्रृजना गर्ने, गरिबि निवारणमा टेवा पुग्ने, वातावरणमैत्री, विपद व्यवस्थापन क्षेत्रगत नीतिसँग सामाञ्जस्यता, अन्तर स्थानीय तहसँग समन्वय र सहकार्य अभिवृद्धि हुने दिगो विकास तथा समावेशी विकासमा जोड दिइनेछ ।
- गाउँपालिकाले तयार गरेको सडक गुरुयोजनालाई अद्यावधिक गरि लागु गरिनेछ । सडक अधिकार क्षेत्र सम्बन्धी जानकारी प्रदान गर्न/विवादहरु समाधान गर्न तिनै तहको सरकारहरुको सहभागितामा सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- वजेट विनियोजन भएका योजनाहरुको खरिद प्रकृया शुरु गर्नु अघि विस्तृत योजना प्रतिवेदन, जग्गा प्राप्ति, साइट किल्यिर कार्य आदि अनिवार्य रुपमा सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाइनेछ। आ.व.०८३/०८४ देखि सम्पूर्ण खरिद प्रकृयालाई बार्षिक खरिद योजना अनुसार लागु गरिनेछ ।
- घर अभिलेखीकरणको कार्यलाई थप व्यबस्थित गर्न " घर अभिलेखीकरणको कार्यविधि " बनाई लागु गरिनेछ । नक्सा पास गरि घर निर्माण गर्ने कार्यलाई प्रोत्साहन गर्न घरधनीहरुलाई गाउँपालिकाबाट प्रदान गरिने सेवामा बिशेष प्राथमिकता दिईनेछ । घर नक्सा पास र अभिलेखिकरण सम्बन्धि जानकारी प्रदान गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- खरिद प्रकृयालाई पारदर्शी तथा प्रतिस्पर्धी बनाउन पूर्वाधार सम्बन्धि योजनाहरु "ई-बिड " प्रणालीलाई प्राथमिकता दिईनेछ र सोझै खरिद प्रकृयालाई निरुत्साहित गराईनेछ ।
- गेरुवा गाउँपालिका भित्र उत्पादन हुने फोहरमैलालाई व्यबस्थित गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- गाउँपालिकाको आयस्रोतलाई वृद्धि गर्न र ढुंगा, गिट्टी, बालुवाको समस्यालाई समाधान गर्न कर्णाली नदिवाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् गर्न बर्दिया राष्ट्रिय निकुन्ज संगको सहकार्य र समन्वयमा वातावरणीय अध्ययन गरिनेछ ।
- संघिय विशेष अनुदान अन्तर्गत संयुक्त लगानीबाट विभिन्न वडाहरुमा आवास विहिन विपन्न, दलित तथा विपद प्रभावित समुदायका लागि "नमुना आवास" कार्यक्रम अन्तर्गत घर निर्माण गरिनेछ ।
- गाउँपालिकाले हालसम्म निर्माण गरिएका नमुना आवास कार्यक्रम अन्तर्गत बनेका घरहरुको घर नं. लगायतका विवरणहरु तयार गरि अभिलेख राखिनेछ। साथै अधुरा रहेका नमुना आवास भवनहरुमा बजेट विनियोजन गरी सम्पन्न गरिनेछ ।
- गाउँपालिकाबाट हालसम्म निर्माण सम्पन्न भएका र अधुरा सार्वजनिक तथा सामुदायिक पूर्वाधारहरुको लगत संकलन गरि अभिलेख राखिनेछ ।
- मानव-वन्यजन्तु द्वन्द्व न्युनीकरणका लागि आवश्यक पुर्वाधार निर्माणमा बजेटको सुनिश्चता गरिनेछ ।
- भौतिक पूर्वाधार सम्बन्धि प्रोफाइल तयार गरि बस्तुस्थितिलाई अध्यावधिक गर्ने नीति लिइनेछ । गेरुवा गाउँपालिकाबाट संचालन हुने आयोजनाहरुलाई बर्गिकरण गरिनेछ । आयोजना बर्गिकरण गरि प्राथमिकता आधारमा बजेट बिनियोजन गरिनेछ । बर्गिकरण गरि एकिन गरिएका महत्वपूर्ण सडकहरुको कालोपत्रे अस्फाल्ट प्रविधिबाट गरिनेछ ।

- समयमै कार्य सम्पन्न गर्ने निर्माण व्यबसायीहरुलाई प्रोत्साहन गर्न प्रत्येक बर्ष "उत्कृष्ट निर्माण व्यबसायी" पुरस्कार को व्यबस्था गरि सम्मान गरिनेछ र कार्य समयमै सम्पन्न नगर्ने निर्माण व्यबसायीलाई कारबाहीको दायरामा ल्याईनेछ |
- गेरुवा गाउँपालिका भित्र रहेका विभिन्न भित्री बाटोहरुलाई स्तरउन्नति गरिनेछ | विशेष गरि गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था, वडा कार्यालय र विद्यालय लगायत अन्य संघ सस्था र कार्यालय जोड्ने बाटोहरुलाई क्रमिक रुपमा प्राथमिकता दिईनेछ |
- गाउँपालिकाका पुर्बाधार निर्माण आयोजनामा काम गर्ने श्रमिकको सुरक्षा र योजनाहरुको गुणस्तरमा बिशेष ध्यान दिईनेछ| गाउँपालिकाबाट संचालन हुने १० लाख भन्दा माथिका आयोजनाहरुमा इन्सुरेन्स र ल्याब टेस्ट को अनिबार्य ब्यबस्था गरिनेछ। गाउँपालिकामा सिभिल ल्याबको निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- मनसून लयायत अन्य इमर्जेन्सी अवस्थामा बिग्रेका संरचनालाई मर्मत गर्न पालिका स्तरिय मर्मत सम्भार कोषको व्यबस्था गरि सो कोषबाट रकम खर्च गर्ने कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनेछ |
- गाउँपालिका भित्र निर्माण गरिने सार्वजनिक भौतिक संरचनाहरु अपाङ्गमैत्री ,बालमैत्री, वातावरणमैत्री र लैंगिकमैत्री बनाईनेछ |
- पर्यटन प्रवर्द्धनका लागी कर्णाली तथा गेरुवा नदिको ३६ कि.मि.सडक करिडोरका रुपमा विकास हुने गरि संघिय सरकारसँग माग गरिनेछ ।
- निर्माण सम्पन्न भइ सुधार अवधि समेत समाप्त भएका पूर्वाधारहरुको दिगोपना तथा उपयोगिता प्रभावकारी बनाउन मर्मत कार्यमा जोड दिइनेछ ।
- प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम र इक्विप्मेन्ट जस्तै लेभल मेसिन, डिजिटल मेसिन आदिका लागि बजेट सुनिश्चित गरिनेछ |
- फिल्डमा खटि अहोरात्र सेवा गर्ने प्राविधिक कर्मचारीहरुको मनोवल बढाउन "**प्राविधिक कर्मचारी फिल्ड भत्ता कार्यविधि**" बनाई लागु गरिनेछ ।

**<u>कृषि तर्फ</u> :**

- कृषि उत्पादनलाई बजारीकरणमा टेवा पुर्‍याउन प्रत्येक वडाहरुमा संकलन केन्द्रको स्थापना तथा संचालन गर्ने कार्यको सुरुवात गरिनुको साथै कृषि एम्बुलेन्सको व्यवस्थापन गरिनेछ।
- स्थानीय कृषि उपजहरुको सहज बजारीकरणको लागि स्थानीय हाटबजारको प्रवर्द्धन गरिनेछ।
- कृषकहरुको क्षमता अभिवृद्धिका लागि कृषक पाठशाला आई.पि.एम, असल कृषि अभ्यास, नविनतम कृषि प्रविधी तथा स्थलगत घुम्ती तालिमहरुलाई निरन्तरता दिइनेछ।
- कृषकहरुको खेतबारीमा भैपरी आउने रोग किराको समस्या पहिचान गर्न बाली उपचार शिविर तथा समस्या समाधान गर्न आकस्मिक बाली संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पालिकालाई खाद्यान्न बालीको बीउमा आत्मनिर्भर बनाउन बीउ उत्पादन कार्यक्रम संचालन गरिनुका साथै शान्तिबजारमा निर्माण भएको बिउ प्रशोधन केन्द्र सन्चालनमा ल्याईनेछ।
- कृषकहरुलाई सरल र सहज तरिकाबाट खेती गर्नका लागि कृषि यान्त्रीकरण तथा अनुदानका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- पालिकास्तरिय कृषकहरुको उत्पादनलाई प्रर्वद्धन तथा उत्कृष्ट कृषकहरुलाई सम्मान र प्रोत्साहान गर्न पालिकास्तरिय कृषि मेला कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- विग्रिदो माटोको अवस्थालाई सुधार गर्नको लागि माटो परीक्षणलाई निरन्तरता दिनुका साथै हरियो मल, कम्पोष्ट मल तथा प्राङ्गारिक मलको प्रयोगमा विशेष जोड दिइनेछ।
- कृषि उपजको उत्पादन तथा उत्पादकत्व मापन गर्न बाली कटानी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाले कृषि क्षेत्रको विकासका लागि आवश्यक पर्ने "**एक वडा, एक प्राविधिक**" को अवधारणालाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ।
- कृषकको आयआर्जन वृद्दि गर्न दलहन तथा घुसुवा बालीको खेतीमा जोड दिइनेछ।
- युवाहरुलाई कृषि पेसामा आकर्षित गर्न माँगमा आधारित कृषि कार्यक्रम तथा विभिन्न कृषि दिवसहरु मनाइनेछ।
- स्थानीय कृषि उपजको उत्पादनमा वृद्धि र निर्यात प्रवर्द्धन गर्न किसानहरुलाई खाद्यान्न बालीको उन्नत जात तथा हाईव्रिड तरकारी र च्याउको बीउ वितरण कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका क्षेत्रमा उत्पादित कृषि उपजको सुरक्षित भण्डारणको लागि निर्माणधीन रहेको शित भण्डार को निर्माण(कोल्ड स्टोर)कार्य समयमा सम्पन्न गरी संचालनमा ल्याईनेछ।
- नगदे बालीको उत्पादनमा वृद्धि गरी आत्मनिर्भर बनाउनको लागि सहज बजारीकरण तथा निर्यातको प्रवर्द्धन गरिनेछ।
- जङ्गली जनावरबाट कृषि बालीमा हुने क्षतिलाई न्युनीकरण गर्न वैकल्पिक कृषि खेती जस्तै बेसार, तील,अदुवा र आलस खेतीमा जोड दिइनेछ।

**पशुपन्छी विकासः**

- पशु स्वास्थ्यको लागि प्रत्येक वडाका पशु सेवा केन्द्रबाट निशुल्क रूपमा औषधी बितरणको कार्यलाई निरन्तरता दिईनेछ ।
- दुध उत्पादनलाई बढवा दिन ब्यवसायिक कृषकहरुको लागि हिउँदे घाँसको बिउ ५० प्रतिशत अनुदानमा र बर्षे घाँसको बिउ निशुल्क बितरणको कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका घरपालुवा तथा सामुदायिक कुकुरको बन्ध्याकरण र खोप कार्यक्रम संचालन गरिनेछ ।
- आन्तरिक तथा बाह्य परजिबी नियन्त्रणमा जोड दिइनेछ। गौशाला ब्यवस्थापनबाट आय आर्जन गर्ने नीति अबलम्बन गरिने र मागमा आधारित खोर निर्माण तथा मर्मत कार्यक्रम समेतलाई निरन्तरता दिईनेछ।
- बिधुतीय च्यापकटर मेसिन र दाना पिस्ने मेसिन बितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- आकस्मिक महामारीजन्य रोग र कुकुर बिरालोबाट सर्ने रेबिज रोग नियन्त्रणलाई निरन्तरता दिईनेछ।

**सहकारीः**

- **"समृद्धि, उत्पादन र रोजगारीका लागि सहकारी"** भन्ने अवधारणालाई आत्मसात गर्दै सहकारी क्षेत्रको संस्थागत सुदृढीकरण गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरूको नियमित अनुगमन, नियमन तथा सहजीकरण गरी सुशासन कायम गरिनेछ।
- सहकारी संस्थाहरूलाई उत्पादन, प्रशोधन, बजारीकरण तथा उद्यम विकाससँग आबद्ध गरी स्थानीय अर्थतन्त्र सुदृढ बनाइनेछ।

- कृषि, पशुपालन, दुग्ध, माछापालन, पर्यटन तथा घरेलु उद्योगमा आधारित उत्पादनमूलक सहकारीहरूलाई विशेष प्रोत्साहन गरिनेछ।
- सहकारीका पदाधिकारी, व्यवस्थापक तथा सदस्यहरूको क्षमता विकासका लागि तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला, युवा, दलित, आदिवासी जनजाति, विपन्न तथा सीमान्तकृत समुदायको सहकारी क्षेत्रमा पहुँच र सहभागिता अभिवृद्धि गरिनेछ।
- सहकारी संस्थाहरूको अभिलेख, विवरण तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिमैत्री बनाइनेछ।
- सहकारी संस्थाहरूलाई स्थानीय उद्यम विकास, स्वरोजगार सिर्जना तथा गरिबी न्यूनीकरणका कार्यक्रमसँग आबद्ध गरिनेछ।
- **"एक वडा, एक उत्पादन"** तथा स्थानीय उत्पादन प्रवर्द्धन कार्यक्रमहरूमा सहकारी संस्थाहरूलाई साझेदार बनाइनेछ।
- सहकारी क्षेत्रलाई स्थानीय आर्थिक विकासको महत्वपूर्ण आधारका रूपमा विकास गर्दै उत्पादन, उत्पादकत्व र रोजगारी अभिवृद्धिमा योगदान पुऱ्याइनेछ।

**उद्योग, वाणिज्य तथा व्यापारः**

- ब्यवसायीक रूपमा संचालन गरेका उद्यमिलाई उत्कृष्ट उद्यमिको रूपमा सम्मान गरिनेछ ।
- बित्तीय साक्षरता सम्बन्धी व्यवसायीहरुलाई व्यवसाय दर्ता, नबिकरण सम्बन्धी बैकिङ तालिमको व्यवस्था गरिनेछ ।
- बजार अनुगमन तथा ब्यवस्थापनलाई थप प्रभावकारी बनाउनको लागि कार्यबिधि निर्माण गरिनेछ ।
- साना उद्यमी तथा बाणिज्य अन्तर्गत व्यवसाय दर्ता गरेका व्यवसायीहरुलाई प्यान,भ्याट कर र व्यवसाय दर्ता सम्बन्धी जानकारीका लागि व्यवसायीहरुलाई तालिमको ब्यवस्था गरिनेछ

**उद्यम विकास तथा गरीबी निवारणः**

- गरिबी निवारणका लागी लघु उद्यम बिकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सामाजिक परिचालन अन्तर्गत गाउँपालिका स्तरीय, वडा स्तरीय र बस्ती स्तरीय अभिमुखिकरण तथा सहभागितामूलक ग्रामिण लेखाजोखा सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ ।
- बजार मागका आधारमा गेरुवा गाउँपालिका क्षेत्र भित्रका नागरिकलाई नयाँ लघु उद्यम सिर्जना गर्ने किसिमका कार्यक्रम संचालन गरिनेछ ।
- सम्भावित लघु उद्यमीहरुलाई व्यवसाय सम्बन्धी उद्यमशिलता तालिम दिईनेछ। लघु उद्यमीको लागी उपलब्ध हुने कच्चा पदार्थको अवस्था तथा बजारको सम्भाब्यता अध्ययन गरी नयाँ प्रकृतिका सिप बिकासका तालिमहरू संचालन गरिनेछ ।
- महिला, बिपन्न बर्गका आदिवासी,जनजाती, दलित र एकल महिला आदिलाई लक्षित गरी आयआर्जनमुलक कार्यक्रम संचालन गरिनेछ ।
- लघु उद्यमको स्तरोन्नतीको लागि प्रचलित कानुन बमोजिम ब्यक्तिगत तथा साझेदारी फर्मको रुपमा सम्बन्धित निकायमा दर्ता गर्न पहल गरिनेछ ।

- ❖ बिभिन्न सिप बिकासका तालिमहरू र प्रबिधि हस्तान्तरण शिर्षकमा आवश्यक बजेट बिनियोजन गर्ने व्यवस्था मिलाईनेछ । उद्यमशिलता विकास तालिम सचालनको लागि आवश्यक बजेट बिनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

**<u>रोजगार, सिप तथा उद्यमशीलता केन्द्रः</u>**

- ❖ रोजगार सेवा केन्द्रलाई रोजगार, सिप तथा उद्यमशीलता केन्द्रको रुपमा गाउँपालिकाको सांगठनिक संरचनामा ल्याईनेछ ।
- ❖ युवा, रोजगारी, सीप विकास तथा उद्यमशीलताका कार्यक्रम एकिकृत ढङ्गले रोजगार, सिप तथा उद्यमशीलता केन्द्रमार्फत सञ्चालन हुने व्यवस्था मिलाईनेछ
- ❖ गाउँपालिकाले उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनःएकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालनमा साझेदारीमा गरिनेछ ।
- ❖ स्थानीय तहमा निजीक्षेत्र तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी तथा सहकार्यमा स्थानीय श्रम बजारको माग बमोजिम तालिम तथा रोजगारमुलक कार्यक्रम सचालन गर्ने नीति अवलम्बन गरिनेछ
- ❖ श्रम बजारको माग अनुरुपको सीपयुक्त र व्यावसायिक जनशक्ति आपूर्ति गर्न कम्तिमा ३९० कार्यघण्टाको व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन गर्ने ब्यवस्था मिलाईनेछ ।
- ❖ तालिम प्रदायक संस्था,रोजगारदाता र स्थानीय तहका बैक तथा वित्तीय संस्थाहरुसँगको सहकार्यलाई रोजगार सिप तथा उद्यमशिलता प्रवर्द्धनमा जोड दिईनेछ ।
- ❖ डिजिटल श्रम तथा रोजगार सेवा प्रणाली सम्बन्धी सरोकारवालाहरुलाई अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ रोजगार श्रृजना तथा प्रवर्द्धन सम्बन्धी सरोकारवाला बीच संवाद तथा छलफल गरिनेछ ।
- ❖ सुरक्षित वैदेशिक रोजगारीका लागि वैदेशिक रोजगार बोर्डले उपलब्ध गराउने सेवा सुविधा बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ वैदेशीक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सिप, अनुभव र पूँजीलाई स्थानीय आर्थिक विकासमा उपयोग गर्ने उदेश्यले पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>सामी कार्यक्रमः</u>**

- ❖ संघ, प्रदेश र स्थानीय सरकारको समन्वय र लागत साझेदारीमा सामी कार्यक्रमलाइ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- ❖ वैदेशिक रोजगारबाट फर्केका व्यक्ति परिचालन गरी सचेतना प्रवाह गर्दै वैदेशिक रोजगारीको मुद्दा पहिचान गरि फछ्र्योटको लागी सिफारिस गरिनेछ ।
- ❖ वैदेशिक रोजगारी सम्बन्धी तथ्याँक संकलन गरी वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरुको पहुचँ सुनिश्चित गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने नीति लिईनेछ ।
- ❖ श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

## सुशासन तथा संस्थागत विकासः

- ❖ गेरुवा गाउँपालिका प्रति नागरिकको विश्वास अभिवृद्धि गर्न पारदर्शी, जवाफदेही, सहभागितामूलक र परिणाममुखी सेवा प्रवाहमा जोड दिइनेछ।
- ❖ नागरिकलाई छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्न सेवा प्रवाह प्रणालीलाई प्रविधिमैत्री तथा नागरिकमैत्री बनाइनेछ।
- ❖ नागरिक बडापत्रलाई समयानुकूल अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। सेवा प्रवाहको नियमित अनुगमन गरिनेछ।
- ❖ सेवाग्राहीको गुनासो, सुझाव तथा उजुरी व्यवस्थापनका लागि हेल्प डेस्क, गुनासो सुनुवाई प्रणाली तथा डिजिटल माध्यमको प्रयोगलाई विस्तार गरिनेछ।
- ❖ गेरुवा गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा क्रमश आवद्ध गर्दै लगिनेछ ।
- ❖ सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा नागरिक संवाद जस्ता कार्यक्रमहरु नियमित सञ्चालन गरी सुशासन प्रवर्द्धनमा जोड दिईनेछ।
- ❖ गाउँपालिकाका सबै शाखा तथा वडा कार्यालयहरूमा अभिलेख व्यवस्थापन तथा कार्यालय सञ्चालन प्रणालीलाई व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ।
- ❖ सेवा प्रवाहमा हुने ढिलासुस्ती, अनियमितता तथा भ्रष्टाचार नियन्त्रणका लागि शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- ❖ कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास तथा पेशागत दक्षता अभिबृद्धिका लागि अन्तरपालिका भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ सूचना प्राप्तिको अधिकार सुनिश्चित गर्न सबै नागरिकलाई सार्वजनिक सरोकारका नियमानुसारका सूचना प्रवाह गरिनेछ। गाउँपालिकाको वेबसाइट तथा सामाजिक सञ्जाल मार्फत सूचना तथा सेवामा नागरिकको पहुँच विस्तार गरिनेछ।
- ❖ आर्थिक प्रशासन, सार्वजनिक खरिद तथा योजना कार्यान्वयन प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धी र उत्तरदायी बनाइनेछ। आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण प्रणालीलाई सुदृढ गरी वित्तीय अनुशासन कायम गरिनेछ।
- ❖ बेरुजु न्यूनीकरण तथा वित्तीय सुशासन प्रवर्द्धनलाई विशेष प्राथमिकता दिईनेछ।
- ❖ कार्यालयबाट प्रदान गरिने सेवाहरूलाई थप प्रभावकारी, सहज र नागरिकमैत्री बनाइनेछ। अन्तरपालिका, प्रदेश तथा संघीय सरकारसँगको समन्वय र सहकार्यलाई जोड दिईनेछ।
- ❖ सूचना प्रविधिको प्रयोग मार्फत बैठक व्यवस्थापन, पत्राचार, अभिलेखीकरण तथा निर्णय कार्यान्वयन प्रणालीलाई आधुनिकीकरण गरिनेछ।
- ❖ सुशासन, पारदर्शिता, उत्तरदायित्व र जनसहभागिताको माध्यमबाट **"समृद्ध गेरुवा, सुखी गेरुवावासी"** को लक्ष्य प्राप्त गर्न स्थानीय शासन प्रणालीलाई सुदृढ बनाइनेछ।

## सूचना प्रविधि तथा सञ्चारः

- गाउँपालिकाका सबै सेवा तथा कार्य प्रक्रियालाई क्रमशःडिजिटल प्रणालीमा आबद्ध गरी **ई-गभर्नेन्स** प्रवर्द्धन गर्दै लगिनेछ।
- नागरिकलाई सहज, छिटो र पारदर्शी सेवा प्रदान गर्न **डिजिटल नागरिक बडापत्र** अनलाइन सेवा प्रणालीलाई क्रमश विस्तार गरिनेछ।
- गाउँपालिकाको वेबसाइट, मोबाइल एप तथा सामाजिक सञ्जाल मार्फत सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ।
- सूचना प्रविधिको सुरक्षित प्रयोगका लागि **साइबर सुरक्षा तथा डेटा संरक्षण** सम्बन्धी व्यवस्था सुदृढ गरिनेछ।
- वडा कार्यालय तथा सेवा केन्द्रहरूमा इन्टरनेट तथा नेटवर्क पूर्वाधारको विस्तार र स्तरोन्नति गरिनेछ। गाउँपालिका मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र तथा विद्यालयहरुमा E-Attendance जडान र मर्मत कार्यलाई निरन्तरता दिईनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरूको डिजिटल क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
- कार्यालयका अभिलेख तथा कागजातहरूको **डिजिटाइजेशन** गरी विद्युतीय अभिलेख व्यवस्थापन प्रणाली लागू गरिनेछ।
- विद्यालयहरूमा सूचना प्रविधि शिक्षा प्रवर्द्धन तथा स्मार्ट कक्षा सञ्चालनमा सहयोग गरिनेछ।
- सार्वजनिक सेवा वितरणमा **GIS, MIS तथा अन्य सूचना प्रणाली**को प्रयोगलाई प्रोत्साहन गरिनेछ। सूचना प्रविधिमैत्री स्थानीय सरकार निर्माणका लागि नवीनतम प्रविधि तथा नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ।

**न्यायीक समितिः**

- न्याय सम्पादनको प्रकृयालाई छिटो छरिटो, कम खर्चिलो सहज पँहुचयोग्य विश्वासयोग्य बनाउन न्यायीक समिति, सामुदायिक मेलमिलापकर्ताहरु र बरघरहरुको क्षमता विकासमा जोड दिईनेछ।
- न्यायीक सेवालाई संवेदनशिल बिषयको रुपमा लिई गाँउपालिकाका सबै नागरिकका पहुँच अभिवृद्धि गर्न जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- न्याय सम्पादन प्रकृयालाई सहज बनाउन न्यायीक समिति र सामुदायिक मेलमिलाप केन्द्रको संस्थागत सुदृढिकरण गर्दै लगिनेछ।
- न्यायीक समितिको कामकारबाहीलाई विश्वसनीय बनाउन महिला,बालबालिका र जेष्ठ नागरिकहरुको विवादलाई प्राथमिकतामा राखी न्याय सम्पादन गरिनेछ।

**वन,वातावरण तथा विपद व्यवस्थापनः**

- वृक्षारोपण अभियान सञ्चालन गरी हरित क्षेत्र विस्तार तथा वातावरण संरक्षणमा जोड दिइनेछ।
- मानव वन्यजन्तु द्वन्द्व, नदी कटान, बाढी, डुबान, आगलागी, खडेरी र अन्य प्राकृतिक विपद्को जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय विपद् व्यवस्थापन समिति तथा समुदायमा आधारित विपद् व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ।

- विपद् पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण र पुनर्स्थापनाका लागि आवश्यक स्रोत-साधनको व्यवस्थापन गरिनेछ।
- विपद् जोखिमयुक्त क्षेत्रहरूको नक्साङ्कन तथा जोखिम मूल्याङ्कन कार्यलाई निरन्तरता दिइनेछ।
- वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- प्लास्टिकजन्य फोहोर न्यूनीकरण, सरसफाइ प्रवर्द्धन तथा हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- विपद् सम्बन्धी जनचेतना अभिवृद्धि तथा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।
- जलस्रोत, सिमसार क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि सम्बन्धित निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**भूमि व्यवस्थापनः**

- **"जग्गा प्रशासनमा सूशासन"** भन्ने नाराका साथ यस गेरुवा गाँउपालिकाले जग्गा प्रशासन सम्बन्धी कामलाई सूचना प्रविधिमा आधारित बनाइनेछ ।
- भुमिको स्वामित्व र उपयोग विच सन्तुलन कायम हुने गरी असुरक्षित स्थानमा बसोबास गर्ने भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबास गरिरहेका नागरिकको समस्याको समाधानका लागि सुरक्षित र उचित बसोबासको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ।
- संघीय र प्रदेश सरकारसँगको समन्वयमा आधुनिक प्रविधिमैत्री वास्तविक भुमिहिन सुकुम्बासीहरुको लगत तयार गर्नुको साथै तथ्याङ्कको आधारमा गाउँपालिकाबाट प्रवाह गरिने जग्गा प्रशासनका सेवाहरुलाई सरलीकृत र थप प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
- संघीय सरकारबाट सेवा प्रदान गरिदै आईरहेको भूमी प्रशासन सेवा र नापी सेवा आ.व.२०८३।०८४ मा गाउँपालिका बाट सेवा सूचारु गरिनेछ ।

**राजस्व तथा आन्तरिक श्रोत परिचालनः**

- करदातामैत्री कर प्रशासनको विकास गर्दै कर तिर्ने संस्कृतिको विकास गरिनेछ।
- सम्पूर्ण राजस्व संकलन प्रक्रियालाई सूचना प्रविधिमा आधारित बनाउँदै अनलाइन तथा डिजिटल भुक्तानी प्रणाली विस्तार गरिनेछ।
- घरजग्गा, व्यवसाय, बहाल, विज्ञापन, प्राकृतिक स्रोत तथा अन्य करयोग्य क्षेत्रहरूको अभिलेखीकरण र अद्यावधिक गरिनेछ।
- गाउँपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्ति, भवन, जग्गा तथा अन्य स्रोतहरूको संरक्षण, उपयोग र व्यवस्थापन मार्फत आय वृद्धि गरिनेछ।
- पर्यटन, कृषि, उद्योग, व्यापार तथा सेवा क्षेत्रको विकासमार्फत दीर्घकालीन राजश्वको आधार विस्तार गरिनेछ।
- व्यवसाय दर्ता तथा नवीकरण प्रक्रियालाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ।
- आन्तरिक राजश्व कार्यालय बाट प्रदान हुदै आएका सेवाहरु संघीय सरकारको समन्वयमा यसै कार्यालय बाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।
- करदाता शिक्षा तथा जनचेतना कार्यक्रम सञ्चालन गरी स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ।

- उत्कृष्ट करदाता तथा समयमै राजस्व बुझाउने व्यक्ति वा संस्थालाई सम्मान तथा प्रोत्साहन गरिनेछ। राजस्व संकलन सम्बन्धी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप सुदृढ बनाइनेछ।
- स्थानीय उत्पादन, स्थानीय बजार तथा उद्यमशीलताको प्रवर्द्धन गरी आर्थिक गतिविधि विस्तार मार्फत राजस्व वृद्धि गरिनेछ।
- दर्ता प्रकृयामा आउन नसकेका उद्योग व्यवसायहरु लाई दर्ता गरी करको दायरामा ल्याउन पहल गरिनेछ ।

**पर्यटन,सस्कृति र कलाः**

- गेरुवा गाउँपालिकालाई प्राकृतिक, सांस्कृतिक तथा पर्यावरणीय पर्यटन गन्तव्यका रूपमा विकास गर्दै लगिनेछ र पुरातात्त्विक महत्वका क्षेत्रहरूको संरक्षण गरिनेछ।
- गेरुवा नदी, बर्दिया राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्र तथा अन्य पर्यटकीय सम्भावना भएका स्थानहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गरिनेछ। सामुदायिक होमस्टे, ग्रामीण पर्यटन तथा कृषि पर्यटनलाई प्रोत्साहन गरिनेछ।
- पर्यटन क्षेत्रसँग सम्बन्धित स्थानीय युवालाई पर्यटन व्यवसाय तथा आतिथ्य सत्कार सेवा सम्बन्धी सीप विकास तालिम प्रदान गरिनेछ। निजी क्षेत्र तथा समुदायको सहकार्यमा पर्यटन उद्योगको विकास गरिनेछ।
- स्थानीय थारू, पहाडी तथा सोनाहा जाती र अन्य समुदायका भाषा, कला, संस्कृति, परम्परा र मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- स्थानीय जात्रा, पर्व, उत्सव तथा सांस्कृतिक कार्यक्रमहरूको संरक्षण र व्यवस्थापनमा सहयोग गरिनेछ।
- स्थानीय कलाकार, साहित्यकार, हस्तकला व्यवसायी तथा सांस्कृतिक समूहहरूको क्षमता विकास र प्रोत्साहन गरिनेछ। लोककला, लोकसंगीत, लोकनृत्य तथा परम्परागत हस्तकलाको संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ ।
- कला तथा संस्कृतिलाई पर्यटन विकाससँग आबद्ध गरी आयआर्जनका अवसरहरू सिर्जना गरिनेछ।

**सभाका सदस्य ज्यूहरु**

गेरुवा गाउँपालिकाको आ.व. २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी यस गरिमामय सभामा प्रस्तुत गर्ने सु-अवसर प्रदान गर्नुहुने सम्पूर्ण गेरुवा बासी आमावुवा, दाजुभाई, दिदीवहिनी तथा शुभेच्छुकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग गर्ने गाउँपालिका स्थित राजनीतिक दल, कार्यपालिका सदस्य ज्यूहरु, बुद्धिजिबी, समाजसेवी र गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद।

जमान सिं के.सी.

अध्यक्ष

गेरुवा गाउँपालिका, बर्दिया

मिति: २०८३/०३/०५ गते शुक्रवार